# नेपाल सरकार

**प्रदेश प्रमुख**
**बागमती प्रदेश**
**हेटौंडा, मकवानपुर**

## संविधान दिवस, २०८३ को शुभकामना सन्देश

संविधान देशको सर्वोच्च एवं मूल कानून हो। जनताका प्रतिनिधिहरूले संविधान सभामार्फत संविधान निर्माण गरी जारी भएको आज ११ वर्ष पूरा भएको छ। यस सुखद अवसरमा देश तथा विदेशमा रहनुभएका सम्पूर्ण नेपाली दिदीबहिनी तथा दाजुभाइहरूमा हार्दिक बधाईका साथै शुभकामना व्यक्त गर्दछु। आजको यो सुनौलो बिहानी ल्याउन जीवन उत्सर्ग गर्नुहुने अमर सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जली व्यक्त गर्दछु।

नेपाली जनताको सङ्घर्ष र बलिदानबाट वि.सं. २०७२ साल असोज ३ गते सङ्घीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान जारी भएको ऐतिहासिक उपलब्धिको सम्झना र सम्मान गर्न आज हामी संविधान दिवस मनाइरहेका छौं। यद्यपि, यस प्रदेश अन्तर्गतको भोटेकोशी क्षेत्रमा हालै आएको भीषण बाढी र प्राकृतिक विपत्तिका कारण उत्पन्न वर्तमान परिस्थिति उत्साहपूर्ण छैन। बाढीका कारण कैयौँ नागरिकहरू विस्थापित हुनुभएको छ भने धनजनको ठुलो क्षति भएको छ। विपद्को यस दुःखद घडीमा म बाढी प्रभावित सम्पूर्ण दाजुभाइ तथा दिदीबहिनीहरूमा गहिरो सहानुभूति प्रकट गर्दै राहत, उद्धार र पुनर्स्थापनाका लागि राज्यका सबै संयन्त्रहरू पूर्ण रूपमा परिचालन हुने विश्वास दिलाउन चाहन्छु।

केन्द्रीकृत र एकात्मक राज्य व्यवस्थाद्वारा सिर्जित सबै प्रकारका विभेद र उत्पीडनको अन्त्य गर्दै जातीय, भाषिक, धार्मिक, सांस्कृतिक तथा भौगोलिक विविधतायुक्त नेपाली समाजलाई वृहत् राष्ट्रिय एकताको सूत्रमा आबद्ध गरेको वर्तमान संविधान जारी भएको आजको दिनलाई उत्सवको रूपमा मनाउँदै अघि बढ्नु पर्नेछ। संविधानको रक्षा र कार्यान्वयनमा क्रियाशील शक्तिहरूले उच्चतम समझदारी बनाएर अघि बढ्नुपर्ने आवश्यकता अझै विद्यमान छ।

विपद्को यो समयमा एक-अर्कालाई सहयोग गर्दै संविधानको मर्म अनुरूपको लोकतान्त्रिक कल्याणकारी राज्यको अनुभूति दिलाउनु हाम्रो मुख्य कर्तव्य हो। संविधान कार्यान्वयन मार्फत राष्ट्रिय समृद्धि हासिल गर्दै सङ्घीय लोकतान्त्रिक गणतन्त्रका आधारभूत मूल्य मान्यता र प्रणालीलाई राष्ट्रिय जीवन पद्धति बनाउन संविधान दिवस २०८३ ले हामी सबैमा नयाँ उत्साह र सङ्कटसँग जुध्ने शक्ति प्रदान गर्ने विश्वास व्यक्त गर्दछु।

**२०८३ साल असोज ०३ गते, शनिबार**
**ने. सं. ११४६ यंलाथ्व: अष्टमी**

**दीपक प्रसाद देवकोटा**
**प्रदेश प्रमुख**